बैठक संख्याः- २५

आज मिति २०७९ साल फाल्गुन १ गते सोमबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा बसि निम्न बमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गरी निम्न निर्णयहरु गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ्ग | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना बि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री विनोद कुमार न्यौपाने | |

CamScanner

**निर्णय नं १-** बिर्तामोड नगरपालिकाको आयोजनामा मिति २०७९।११।०४ गते बिहिबार दिनको २ बजे बिर्तामोड नगरपालिका, अर्जुनधारा नगरपालिका, कन्काई नगरपालिका तथा बुद्धशान्ति गाउँपालिकाको तर्फबाट बिर्तामोड नगरपालिकाको प्राङ्गणमा सम्माननीय सभामुख देवराज घिमिरे तथा माननीय उपसभामुख इन्दिरा राना मगरप्रति सम्मान बधाई तथा शुभकामना प्रदान कार्यक्रमको आयोजना गर्ने निर्णय गरियो।

**निर्णय नं. २-** बिर्तामोड नगरपालिकामा कार्यरत सि.अ.हे.ब. श्री तुलसी प्रसाद पोखरेलले विगत केही महिना देखि नगर प्रमुखज्यू, जनप्रतिनिधिज्यूहरु तथा स्वास्थ्यकर्मी लगायत अन्य कर्मचारीहरुका विषयमा सामाजिक सञ्जाल, बिभिन्न समूहहरुमा गई अनर्गल रुपमा चरित्र हत्या गर्ने बिभिन्न आक्षेपहरु लगाउने जस्ता आचारणहिन कार्य गरिरहेको हुदाँ उक्त कार्यबाट नगर प्रमुख लगायत जनप्रतिनिधिज्यूहरुको मानमर्दनमा आँच आएको, कर्मचारीहरु हत्तोत्साहित भई कार्यालयको कार्य वातावरणमा नै नकारात्मक असर पुगेको हुदाँ निजको सम्बन्धमा देहाय अनुसार गर्ने निर्णय गरियो।

क) निज सि.अ.हे.ब. श्री तुलसी प्रसाद पोखरेललाई जनप्रतिनिधिज्यू लगायत कर्मचारीहरुको बारेमा तथ्यहिन अनर्गल प्रचारप्रसार गरेको तथा कार्यालयको गोपनियता भङ्ग गरि अनुशासनहिन कार्य गरेकोले कानुन बमोजिम कार्बाही गर्न कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं. ३-** अन्य पालिकामा दर्ता भई सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुलाई अर्को व्यवस्था नभएसम्मका लागि यस नगरपालिकाभित्र स्थान्तरण गरी ल्याउन अनुमति नदिने निर्णय गरियो।

CamScanner